कोन्ज्योसोम गाउँपालिका

# स्थानीय राजपत्र

कोन्ज्योसोम गाउँपालिकाद्धारा प्रकाशित

खण्डः ३ संख्याः ४ मितिः२०७७।०३।१२

## भाग-१

## कोन्ज्योसोम गाउँपालिकाको

### विनियोजन ऐन, २०७७

**कोन्ज्योसोम गाउँपालिकाको आर्थिक बर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७**

**प्रस्तावना :** कोन्ज्योसोम गाउँपालिकाको आर्थिक बर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम कोन्ज्योसोम गाउँपालिकाको छैठौं गाउँसभाबाट स्वीकृत गरि यो ऐन लागु गरिएको छ ।

**१. संक्षिप्तनाम र प्रारम्भ :** (१) यस ऐनको नाम " कोन्ज्योसोम गाउँपालिकाको विनियोजन ऐन , २०७७" रहेको छ ।

(२) यो ऐन सभा वाट स्वीकृत भइ स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी मिति २०७७/०४/०१ देखि लागू हुनेछ ।

**२. आर्थिक वर्ष २०७७/०७८ को निमित्त सञ्चित कोषबाट रकमखर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०७७/०७८ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाहरुले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची(१) मा उल्लेखित चालु खर्च, पुँजिगतखर्च र बित्तिय व्यवस्थाको रकम

समेत गरी जम्मा रकम रु. ३८,९५,४३,०००।- (अक्षेरुपी अठ्तिस करोड पन्चानब्बे लाख त्रिचालीस हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन :** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/०७८ को निमित्त कोन्ज्योसोम गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालु खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँसभा नबसेको अवस्थामा गाउँपालिका लाई कुनै रकम कुनै श्रोतबाट प्राप्तभएको अवस्थामा सो रकम कार्यक्रम बनाई गाउँकार्यपालिकाले निर्णय गरी खर्च गर्न सक्नेछ । यस्तो खर्च लगत्तै बस्ने गाउँसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

अनुसूचि-१

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

रु.हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | गाउँकार्यपालिका | | ५९९३९ | १४५७९४ | | |
| २ | वडा समिति | | १७१० | २७५०० | | |
| ३ | बिषयगत शाखा | | १५४६०० | | | |
| ४ | ऋणको सावा ब्याज भुक्तानी | | | | | |
| ५ | लगानी (शेयर/ऋण) | | २१६२४९ | १७३२९४ | | ३८९५४३ |

**आज्ञाले,**

**विकाश शर्मा रिजाल**

**प्रमुख प्रशासकीय अधिकृत**